

पूर्व कबिलापन्थीहरु फेरि पनि प्रत्युत्पादक मतिले 9Gllgb'5g\!

नकुल काजी

२



**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोनः ०२३-५७५४०९



जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com



ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त

**झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

दमक :
**देवीप्रसाद सिटौला**
(९८४२७६०२६५/९८२४९७९१८५)



बिर्तामोडः
**राजकुमार श्रेष्ठ**
९८०६०१०४१०



❑ **वर्ष-२१** ❑ अंक - २३३ ❑ २०८३ भाद्र २४ गते बुधबार ❑ Wednesday, 9 Sept. 2026 ❑ मूल्य ७ /-


# जेनजी विद्रोहको एक वर्ष : क्षतिको हिसाब र परिवर्तनको वहस

## युवा पुस्ता परिणामको पर्खाइमा

**८४ अर्ब ४५ करोडको भौतिक क्षति, हजारौं घाइते, पुनर्निर्माण अघि बढे पनि निजी क्षेत्र अझै बिमा र पुन:स्थापना हुने भरोसामा**

खगेन्द्र कार्की

**दमक/** जेनजी आन्दोलनको एक वर्ष पूरा हुँदा सडकमा उठेको असन्तोषको राजनीतिक प्रभाव जति ठूलो देखिन्छ, त्यस क्रममा भएको भौतिक र मानवीय क्षतिको पुनर्स्थापना भने अझै अधुरै छ। सरकारी अध्ययनले २०८२ भदौ २३ र २४ को आन्दोलनका क्रममा सार्वजनिक, निजी र सामुदायिक संरचनामा मात्रै ८४ अर्ब ४५ करोड ७७ लाख रुपैयाँ बराबरको भौतिक क्षति भएको देखाएको छ ।

यस अवधिमा सरकारले क्षतिग्रस्त सरकारी संरचनाको मूल्यांकन, मर्मत तथा पुनर्निर्माणको प्रक्रिया अघि बढाएको छ। तर एक वर्षमै सबै क्षतिको पुनर्स्थापना सम्भव देखिएको छैन। कतिपय ठूला संरचनाको निर्माण सुरु भएको छ भने कतिपय अझै डिजाइन, लागत अनुमान, ठेक्का र बजेट व्यवस्थापनकै चरणमा छन्। निजी क्षेत्रको पुनर्स्थापना त झन् बिमा दाबी र आफ्नै स्रोतको भरमा अघि बढिरहेको छ। जेनजी विद्रोहका क्रममा भएको आर्थिक क्षतिको पुनर्निर्माणमा सरकारको प्रयास जारी रहे पनि युवाले उठाएका अपेक्षा र परिवर्तनको अनुभूति अझै पर्खाइमै छ।

आन्दोलनको प्रभाव दमकमा पनि गहिरो रह्यो। **दमक नगरपालिका**का अनुसार कार्यालय भवन, सवारीसाधन, एम्बुलेन्सलगायत संरचनामा आगजनी र तोडफोड हुँदा करिब २४ करोड रुपैयाँको क्षति भएको थियो। इलाका प्रहरी कार्यालय, आन्तरिक राजस्व कार्यालय, ट्राफिक प्रहरी कार्यालय, राजनीतिक दलका कार्यालय, केही जनप्रतिनिधि तथा राजनीतिक व्यक्तिका निवास र भाटभटेनी सुपरमार्केटलगायत निजी संरचनामा पनि क्षति पुगेको थियो।

दमक नगरपालिकाको प्रशासनिक भवन अहिले पुनर्निर्माण प्रक्रियामा गएको नगरप्रमुख राम थापाले बताएका छन्। जसका लागि १० करोड रकम विनियोजन भएको छ। इलाका प्रहरी कार्यालय, ट्राफिक प्रहरी कार्यालय पुन:स्थापित भइसकेका छन भने क्षतिग्रस्त अन्य सरकारी कार्यालय वैकल्पिक व्यवस्थाबाट सञ्चालनमा छन्। तर आगजनी र तोडफोडबाट ध्वस्त भएका सबै संरचना पूर्ववत् अवस्थामा फर्किसकेका छैनन्। यस्तै अवस्था झापाभरिका पालिकाको रहेको छ।

**क्षतिको राष्ट्रिय चित्र**

सरकारी मूल्यांकनअनुसार आन्दोलनमा २ हजार ६ सय ७१ भवनमा क्षति पुगेको थियो। त्यसमध्ये संघीय मन्त्रालय तथा विभिन्न सरकारी निकायका ५ सय ९५ र प्रहरी तथा सुरक्षा निकायका ३ सय ९८ भवन प्रभावित भएका थिए। सरकारी ८ हजार ४ सय ३० सवारीसाधनमा समेत क्षति पुगेको विवरण छ। कुल क्षतिमध्ये सार्वजनिक क्षेत्रमा ४४ अर्ब ९३ करोड ७३ लाख, निजी क्षेत्रमा ३३ अर्ब ५४ करोड ८७ लाख र सामुदायिक क्षेत्रमा ५ अर्ब ९७ करोड १७ लाख रुपैयाँ बराबरको क्षति भएको सरकारी अध्ययनले देखाएको छ। सरकारले संघीय संरचना पुनर्निर्माणका लागि आगामी आर्थिक वर्षमा ६ अर्ब रुपैयाँ विनियोजन गरेको छ। सामान्य क्षति भएका भवनको मर्मत सकिँदैछ भने गम्भीर क्षति भएका संरचनामा प्रबलीकरण तथा पुनर्निर्माणका प्रक्रिया अघि बढेका छन्।

सरकारी कार्ययोजनाले सार्वजनिक क्षेत्रका भवन, सवारीसाधन र अन्य

भौतिक सम्पत्तिको पुनर्निर्माण तथा मर्मतमा मात्रै ३६ अर्ब ३० करोड रुपैयाँभन्दा बढी खर्च

बाँकी ४ पेजमा ▸▸



## अमेरिका, बेलायत र जापानको श्रद्धाञ्जलीसहितको शुभकामना

**दमक/** जेन-जी आन्दोलनका क्रममा ज्यान गुमाएकाको सम्झनामा सरकारले घोषणा गरेको जेन-जी शहीद दिवसका अवसरमा अमेरिका, बेलायत र जापानलगायतका देशले शुभकामना तथा श्रद्धाञ्जली दिएका छन् ।

नेपालस्थित अमेरिकी दूतावासले नेपाली युवाको समृद्ध र आशाजनक भविष्यप्रतिको आकांक्षाप्रति सम्मान व्यक्त गरेको छ । बेलायती दूतावासले आन्दोलनमा ज्यान गुमाएका युवाप्रति श्रद्धाञ्जली अर्पण गर्दै परिवारजनप्रति समवेदना जनाएको छ । जापानी दूतावासले पनि नेपाली युवापुस्ताका आशा र आकांक्षा बिर्सिइने छैनन् भन्दै दिवसका अवसरमा शुभकामना दिएको छ । तर, भारत, चीन र रूसलगायतका देशका नेपालस्थित दूतावास भने दिवसका अवसरमा औपचारिक रूपमा बोलेको यो समाचार तयारपर्दा सम्म जानकारीमा आएको छैन । गत वर्षको आन्दोलनका क्रममा पनि पश्चिमा देशका सञ्चारमाध्यमले आन्दोलनप्रति सकारात्मक धारणा राखेका थिए भने भारतीय तथा रूसी सञ्चारमाध्यमका केही रिपोर्टमा यसलाई 'कलर रिभोलुसन'सँग जोडिएको थियो ।

## आशा र अपेक्षासहिका मिश्रित प्रतिक्रिया

**दमक/** जेनजी आन्दोलनको एक वर्ष पूरा हुँदा सत्तापक्षदेखि प्रतिपक्ष, नागरिक अगुवा र युवासम्मले आन्दोलनले उठाएका मुद्दा कार्यान्वयन हुन बाँकी रहेको बताएका छन् । उनीहरूले सुशासन, भ्रष्टाचार नियन्त्रण, रोजगारी, जवाफदेहिता र राजनीतिक संस्कारमा अपेक्षित सुधार हुन नसकेको भन्दै सरकारलाई निरन्तर खबरदारी आवश्यक रहेको बताएका हुन् ।

सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति **रवि लामिछाने**ले जेनजी आन्दोलनलाई 'नयाँ जागरणको विस्फोट'का रूपमा स्मरण गरेका छन् । भ्रष्टाचार, दलीय भागबन्डा, संस्थागत असक्षमता र अवसरविहीनताविरूद्ध युवा सडकमा आउनुपरेको उल्लेख गर्दै उनले आन्दोलनको मार्गबाट एक इन्च पनि विचलित नहुने बताएका छन् । उनले आन्दोलनमा ज्यान गुमाउनेप्रति श्रद्धाञ्जली व्यक्त गर्दै त्यस्तो घटना फेरि नदोहोरियोस् भनेका छन् ।

कानुनमन्त्री **सोबिता गौतम**ले भदौ २३ लाई स्मृतिसँगै संकल्पको दिन बनाउनुपर्ने बताएकी छन् । 'फेरि यस्तो दिन कहिल्यै नदोहोरियोस्' भन्ने प्रतिबद्धता आवश्यक रहेको उनको भनाइ छ ।

प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसका नेता **भीष्मराज आङ्देम्बे**ले जेनजी शहीदहरूको सपना कुनै दल वा व्यक्तिको निजी राजनीतिक सम्पत्ति नभएको बताएका छन् । उनका अनुसार आन्दोलनले उठाएको परिवर्तनको आकांक्षा राज्यको नीति र शासनमै रूपान्तरण हुनुपर्छ । उनले राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदन सार्वजनिक गरी दोषीमाथि कारबाही गर्नसमेत माग गरेका छन् ।

पूर्वप्रधानमन्त्री **सुशीला कार्की**ले सुशासनबिना संसद्को दुईतिहाइ बहुमतले पनि स्थिरता दिन नसक्ने बताएकी छन् । राजनीतिक स्थायित्व संसदीय गणितभन्दा शासकको चरित्र र कार्यशैलीमा निर्भर हुने उनको भनाइ छ ।

श्रम संस्कृति पार्टीका अध्यक्ष **हर्क साम्पाङ**ले 'शहीदले चाहे जस्तो सरकार बने पनि सुशासन अझै आएको छैन' भन्दै आन्दोलनको मर्म पूरा हुन बाँकी रहेको बताएका छन् ।

उज्यालो नेपाल पार्टीका अध्यक्ष **कुलमान घिसिङ**ले सरकारले केही सकारात्मक प्रयास गरे पनि आन्दोलनका मूल प्रश्न अझै यथावत् रहेको बताएका छन् । रोजगारी, उद्यमशीलता, भ्रष्टाचार नियन्त्रण र राज्य संरचनामा सुधार आवश्यक रहेको उनको भनाइ छ ।

एमाले महासचिव **शंकर पोखरेल**ले भने आन्दोलनमा घुसपैठ गरी हिंसा भड्काउने योजनाकारको पहिचान गरी कारबाही गर्नुपर्ने बताएका छन् । सुशासन र भ्रष्टाचार नियन्त्रणको माग जायज रहेको उनले बताएका छन् ।

यता, **जेनजी फ्रन्ट**ले सरकारसमक्ष १२ प्रश्न राख्दै आन्दोलनपछि बनेको सरकारको कार्यशैली विगतभन्दा खासै फरक नदेखिएको निष्कर्ष निकालेको छ । १० बुँदे सहमति कार्यान्वयन, आन्दोलनकारी माथिका मुद्दा फिर्ता र

बाँकी ४ पेजमा ▸▸

## १० बंगलादेशी नागरिक पक्राउ

**दमक/** ठमेल क्षेत्रमा गैरकानुनी रूपमा बसोबास गरी शंकास्पद गतिविधिमा संलग्न रहेको आरोपमा प्रहरीले १० जना बंगलादेशी नागरिकलाई पक्राउ गरेको छ । काठमाडौं महानगरपालिका-२६ स्थित ठमेलका विभिन्न होटल तथा गेस्टहाउसमा गैरकानुनी रूपमा बसोबास गरिरहेको र शंकास्पद गतिविधिमा संलग्न रहेको पाइएपछि उनीहरूलाई नियन्त्रणमा लिइएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक शरतकुमार थापा क्षेत्रीले जानकारी दिए ।

पक्राउ पर्नेमा बंगलादेशको गाजीपुर, पुलिस स्टेसन गदबपुर घर भई ठमेलमा बस्दै आएका ४६ वर्षीय फहिमा अक्तार हसन, ४८ वर्षीय महामुद, ४५ वर्षीय महबूब हसन, ४९ वर्षीय रेपोन मेहमूद, ३० वर्षीय एमडी केरामोत अलीखान, ३० वर्षीय साहिदुर रहमान, ५० वर्षीय एमडी खलिलुर रहमान, २८ वर्षीय आरिफुर रहमान, ४२ वर्षीय एमडी मारूफ मृधा र ६४ वर्षीय मोहम्मद हनिफ मियाँ रहेका छन् ।

प्रहरीका अनुसार उनीहरूलाई ठमेलका होटल ढाका एक्सप्रेस, होटल डि भेढा र होटल अलरहमानलगायतका स्थानबाट

बाँकी ४ पेजमा ▸▸

## प्रधानमन्त्री राहत कोषमा करिब १२ अर्ब जम्मा

**दमक/** प्रधानमन्त्री राहत कोषमा करिब रु १२ अर्ब जम्मा भएको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अनुसार मङ्गलबार बिहानसम्म प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष र प्रधानमन्त्री राहत कोषमा रु ११ अर्ब ७७ करोड ६७ लाख ५० हजार २६१ जम्मा भएको हो। अहिले नौ वटा वाणिज्य बैङ्कमा रु आठ अर्ब ५९ करोड १९ लाख चार हजार २२३ मौज्दात छ। राहत कोषमा जम्मा भएको रकमबाट यसअघि रु एक अर्ब रसुवाका बाढीपीडितका लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका नाममा निकासा भइसकेको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ।

यसैगरी, हिमालयन बैङ्क लिमिटेड र लक्ष्मी सनराइज बैङ्क लिमिटेडमा रहेको डलर खातामा रु दुई करोड ११ लाख आठ हजार ४७१ जम्मा भएको पनि कार्यालयले जनाएको छ।

## ब्राउन सुगरसहित ११ जना पक्राउ

**दमक/**झापा र सुनसरीमा प्रहरीले लागूऔषधविरूद्धको कारबाही तीव्र बनाउँदै ब्राउन सुगर र गाँजासहित ११ जनालाई पक्राउ गरेको छ । प्रहरीले छुट्टाछुट्टै घटनाबाट ७२ ग्रामभन्दा बढी ब्राउन सुगर र ५ किलो ९०० ग्रामभन्दा बढी गाँजा बरामद गरेको जनाएको छ । झापामा मात्रै ५२ ग्रामभन्दा बढी ब्राउन सुगरसहित चार जना पक्राउ परेका छन् । लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय काँकडभिट्टाको टोलीले दमक-२ बाट ४१ ग्राम २३० मिलिग्राम ब्राउन सुगरसहित भारत बिहारका १९ वर्षीय मोहमद फिरोज र २५ वर्षीय चन्द्रकुमार मण्डललाई पक्राउ गरेको हो ।

यस्तै, मेचीनगर-६ स्थित दुर्गा मन्दिरबाट अर्जुनधारा-११ का २१ वर्षीय गोबिन्द श्रेष्ठ र ३० वर्षीय कृष्णबहादुर प्रधान पक्राउ परेका छन् । उनीहरूको साथबाट प्लास्टिक सहित ११ ग्राम ६५० मिलिग्राम र प्लास्टिकबाहेक १० ग्राम २७० मिलिग्राम ब्राउन सुगर बरामद भएको प्रहरीले जनाएको छ ।

सुनसरीमा विभिन्न स्थानमा गरिएको कारबाहीमा ७ जनालाई पक्राउ गरिएको छ । इटहरी-७ बज्राहा मुसरीटोलबाट दिनेश चौधरीको साथबाट ०.८७ ग्राम ब्राउन सुगर र ३ किलो ९४० ग्राम गाँजा बरामद भएको छ ।

देवानगञ्ज-७ स्थित एक मिलघरबाट १ किलो ९६० ग्राम गाँजासहित रामबाबु यादव, भारतका सोनु मेहता र सुमित संगम मेहता पक्राउ परेका छन् ।

इटहरी-१६ बाट अबु खानको साथबाट

बाँकी ४ पेजमा ▸▸

## श्रीमान् गुमाएकी मञ्जु जागिरको पर्खाइमा

***इटहरी/*** *जेनजी पुस्ताको आन्दोलनका क्रममा श्रीमान् गुमाएकी इटहरी उपमहानगरपालिका-१४ की २८ वर्षीया मञ्जु सरदारले सरकारबाट रोजगारी पाउने आशा गरेको एक वर्ष बितिसकेको छ । आन्दोलनमा श्रीमान्को मृत्यु भएपछि दुई छोरीको भविष्य सुरक्षित गर्न सरकारले जागिर दिने अपेक्षा गरेकी मञ्जुको माग अझै सम्बोधन भएको छैन ।*

*'राष्ट्रका लागि श्रीमान्ले ज्यान दिनुभयो । उहाँपछि दुई छोरीको भविष्यका लागि सरकारले जागिर लगाइदिन्छ भन्ने आशा थियो,' मञ्जुले भनिन्, 'आशैआशामा बसेको पनि एक वर्ष बितिसक्यो । अहिलेसम्म सरकारले केही दिएको छैन ।'*

*आन्दोलनपछि बनेको तत्कालीन सरकारले जेनजी आन्दोलनमा मृत्यु भएकाका परिवारका सदस्यलाई रोजगारी दिने आश्वासन दिएको भन्दै*



*मञ्जुले त्यसकै आधारमा आफूले सरकारसँग रोजगारी माग्दै आएको*

बाँकी ४ पेजमा ▸▸

## महासभामा प्रधानमन्त्री शाहको सम्बोधन १०७ औं नम्बरमा

**दमक/** संयुक्त राष्ट्रसंघको ८१औँ महासभामा प्रधानमन्त्री बालेन्द्र शाहले केही राष्ट्राध्यक्षभन्दा अगाडि सम्बोधन गर्ने अवसर पाएका छन् । असोज ८ गते अपराह्नको सत्रमा नेपालका तर्फबाट सम्बोधन गर्ने प्रधानमन्त्री शाहपछि दुई राष्ट्राध्यक्षले बोल्ने कार्यतालिका तय भएको छ। महासभामा सामान्यतः राष्ट्राध्यक्षपछि सरकार प्रमुखले सम्बोधन गर्ने भए पनि यसपटक नेपालले तुलनात्मक रूपमा अगाडि बोल्ने अवसर पाएको हो । संयुक्त राष्ट्रसंघले तयार गरेको तेस्रो वक्ता सूचीमा प्रधानमन्त्री शाहको नाम १०७औँ क्रममा राखिएको छ । महासभा असोज ४ गतेदेखि सुरू हुँदैछ ।

## कांग्रेसले महाधिवेशनका लागि हल बुकको प्रक्रिया

**दमक/**नेपाली कांग्रेसले १५औँ महाधिवेशन काठमाडौंको राष्ट्रिय सभागृहमा गर्ने तयारी गरेको छ । महाधिवेशनका लागि आगामी १६ देखि २० असोजसम्म हल, बगैँचा, पार्किङ स्थल बुक गरिएको कांग्रेसले जनाएको छ । कार्यवाहक मुख्यसचिव कृष्णप्रसाद दुलालले मंगलबार पत्रमार्फत हल बुक गरिदिन आग्रह गरेका छन् ।


## बाढी र डुबान हुनुपूर्वको तयारी

- **नदीमा बढेको पानी, ड्याम र तटबन्धको अवस्थाको जानकारी लिऔं,**
- **घरबाट नजिक रहेको सबैभन्दा अग्लो ठाउँ, चौर र सार्वजनिक भवनबारे थाहा पाइराखौं,**
- **आपतकालिन अवस्थाका लागि खाद्यान्न तथा औषधीजन्य सामाग्री घरको अग्लो ठाउँमा राखौं,**
- **गाउँ, टोल, वडामा रबरका डुङ्गा, लाईफ ज्याकेट, डोरी, बाँस र प्राथमिक उपचारका सामाग्री तयारी अवस्थामा राखौं,**
- **बर्षायाममा सधै मोबाईलमा पर्याप्त ब्यालेन्स र ब्याट्री राखौं,**
- **बर्षा र बाढीको अवस्थाबारे टोल फ्रि नम्बर ११५५ वा सञ्चार माध्यमबाट जानकारी लिने गरौं,**
- **प्रहरी, सुरक्षा निकाय र एम्बुलेन्सको नम्बर राखौं, तत्काल सहायता चाहिएमा सम्पर्क गरौं।**

**नेपाल सरकार**
विज्ञापन बोर्ड

## सम्पादकीय

# जेनजी युवाको अपेक्षा सम्बोधन होस्

०८२ को भदौ २३ र २४ गते सडकमा उर्लिएको जेनजी आन्दोलनले एक वर्ष पार गरेको छ । ७७ जनाको ज्यान गएको र झण्डै खर्ब क्षति भएको सो आन्दोलनको आवाज केवल तत्कालीन राजनीतिक असन्तुष्टिको अभिव्यक्ति थिएन । त्यो आवाज वर्षौंदेखि जम्दै आएको निराशा, बेरोजगारी, भ्रष्टाचार, राजनीतिक बेथिति, अवसरको असमानता र सार्वजनिक सेवाप्रतिको वितृष्णाको विस्फोट थियो । नयाँ पुस्ताले राज्यसँग प्रश्न गरेको थियो- देशमा परिवर्तन कहिले र कसरी देखिन्छ ? उनीहरूको त्यो अपेक्षा सम्बोधन हुन आवश्यक छ ।

भाषण र आश्वासनले अघाएर परिणामको खोजीमा हिंडेका ति तमाम जेनजीले अब परिणाम खोजेका छन् । त्यही परिणामको पर्खाइमा एक वर्ष बिताईसकेका छन् ।। युवाले स्वदेशमै भविष्य देख्न सक्ने वातावरण, सरकारी सेवामा सहजता, भ्रष्टाचारमा नियन्त्रण र राज्य सञ्चालनमा पारदर्शिता चाहेका छन् । यी माग कुनै एउटा पुस्ताका मात्र होइनन्, समग्र समाजका साझा अपेक्षा हुन् ।

तर आन्दोलनको अर्को पाटोलाई पनि बिर्सन मिल्दैन । आन्दोलनका क्रममा सार्वजनिक तथा निजी सम्पत्तिमा भएको आगजनी, तोडफोड र लुटपाटले ठूलो क्षति पुऱ्यायो । सरकारी कार्यालय, सुरक्षा संरचना र निजी व्यवसायमा भएको क्षतिको भार अन्ततः राज्य र नागरिकमाथि नै पर्छ । परिवर्तनको माग जायज भए पनि हिंसा, तोडफोड र सार्वजनिक सम्पत्तिको विनाशलाई त्यसको माध्यम बनाउनु न्यायसंगत नहोला । त्यसैले एक वर्षपछि आन्दोलनको मूल्याङ्कन गर्दा दुईवटै पक्षमा इमानदार हुन आवश्यक छ । राज्यले आन्दोलनका क्रममा उठेका जायज प्रश्नलाई बेवास्ता गर्न मिल्दैन भने आन्दोलनकारीले पनि लोकतान्त्रिक मर्यादा र कानुनी सीमालाई अस्वीकार गर्न मिल्दैन ।


अब सरकारको जिम्मेवारी र दायित्व पुनर्निर्माणले मात्र पुरा हुँदैन । क्षतिग्रस्त भवन र संरचना बनाउन सकिन्छ, तर नागरिकको विश्वास पुनर्निर्माण गर्न कठिन हुन्छ । भ्रष्टाचार नियन्त्रण, पारदर्शी प्रशासन, रोजगारी सिर्जना, प्रभावकारी सार्वजनिक सेवा र जवाफदेही शासनमार्फत सरकारले परिवर्तनको अनुभूति गराउनुपर्छ ।

राजनीतिक दलहरुका लागि पनि यो आत्मसमीक्षाको समय हो । युवालाई चुनावमा मत माग्ने भीडका रुपमा मात्र हेर्ने होइन, नीति निर्माण र नेतृत्वमा साझेदार बनाउने संस्कार विकास गर्नुपर्छ ।

जेनजी पुस्ताले पनि सडकको आक्रोशलाई रचनात्मक दबाब र संस्थागत सुधारको अभियानमा बदल्नुपर्नेछ । परिवर्तन केवल सरकार बदल्नु होइन, शासनको संस्कार बदल्नु हो ।

एक वर्षअघि सडकमा उठेको आवाज अब निर्णय र व्यवहारमा सुनिनुपर्छ । आन्दोलनको वास्तविक सफलता कति मानिस सडकमा उत्रिए भन्ने होइन, त्यसपछि देश कति सुशासित, पारदर्शी र नागरिकमुखी बन्यो भन्नेमा मापन हुनेछ ।

# पूर्व कबिलापन्थीहरू फेरि पनि प्रत्युत्पादक मतिले दुन्मुनिँदैछन् !



✍ नकुल काजी

**आज नेपाल र भारतको बिहार उत्तरप्रदेश र उत्तराखण्डको साझा चिन्ताको विषय कोशीको बाढी अथवा भोटेकोशी वा बागमती नदीको बाढीको पानी होइन वास्तविक चिन्ता चाहिँ चीनको तिब्बत र हिमालय क्षेत्रमा लगातार बदलिँदै र बिग्रिँदै गइरहेको वातावरणीय सन्तुलनको अवस्था हो जुन लगातार तातिँदै गइरहेको छ ।**

प्रजातन्त्रोत्तर यस देशको शासकीय अभ्यासका दृश्यावलीमा आलोपालो जगर फुलाउँदै र 'देशको बाली' मास्तै आएका 'गोबर वा मल धेर भएर हौसिएको बाली' झैं लोकतन्त्रको अभ्यासका हकमा अनुत्पादक सिद्ध केही दल-कबिलाका मालिकहरु र तिनका कुत्या-कमैयामा जमेकाहरूका दलनकै कथा धेर पाइने गर्दछ । युवा (जेनजेड) बिद्रोहले तिनको ढाड भाँचेको पक्कै हो, तर ती पुनः 'रक्तबीज राक्षस'(का अवतारहरूको पौराणिक कथा पुनरावृत गर्न लागे झैं हाल देशको बेहाल स्थितिमा जगर फुलाएर बाधक बन्न प्रस्तुत हुन थालेको आभास हुँदैछ । विगतकालमा देशमाथि कबिले-हकको रोब जमाएर-रमाएर लुट र भ्रष्टाचारले जगरसैँठ भई धतुराएका मालिकहरु र तिनका भट्ट-भारदारहरु समेत मौजूदा राज्यका लोक-प्रशंसित पदचाप मेट्टाउने दुस्साहसमा उत्रन थालेका छन् । लोकतन्त्रलाई नै निस्पन्द राख्ने भावधारामा छिप्पिएको 'खलनायकीय खेललाई नै राजनीति' मान्ने प्रवृत्तिगत तमाशाले जानी-जानी फेरि अर्को जन-विद्रोह निम्त्याइरहेको त होइन ? - भन्ने कण्टक प्रश्न आमरूपमा जाग्रत गराइरहेको छ । यो आशंकाले मूर्त रूप लिन अघि नै बुद्धि नसपारे त्यो उनीहरूका लागि आत्मघाती सिद्ध भई टुङ्गिने अवस्था छँदैछ !

अतः भोटेकोशीको ताण्डवको शमन गर्न र पीडित(प्रताडित लोकलाई एक अर्थमा 'पुनर्जीवन' दिन यो सरकारको भगिरथ प्रयत्नलाई बाधा(ब्यवधानले असफल गराउन र आफू पुनः स्थापित हुन विगतका मूल मालिकहरूदेखि तिनका मातहती बन्न रमाइरहेका तह(तहका रिट्ठे(कन्दनेसम्म पनि अनेक बखेडा हाँकेर वातावरण असजिलो बनाउन कन्दनी कसेरै प्रयत्नमा लागेका देखिँन्छन् । अतः विपन्न नेपाल र नेपालीमा अकस्मात आइलागेको यो अपूर्व प्राकृतिक महाप्रलयलाई उनीहरूले आफ्नो घृणाप्रद 'स्वार्थ-संवर्द्धनको अवसर'-मा रूपान्तर गर्ने मूर्खता जो देखाउन थालेका छन् ! यो विषय इतिहासको अभिशप्त पानामा लेखिने त छँदैछ, यही ताजा वर्तमानमै पनि चरम अवाञ्छित र जन-विद्रोहको प्रेरक बन्नेछ भन्ने आम बुझाइ नै पनि प्रखर बन्दै गएको छ !


देशलाई इतिहासकै रौरवी विपत्तिले घेरिराखेको यो समयमा यस अघि राज्यसत्ताको बागडोरलाई बपौतिको रूपमा भोगचलन गर्दै आएका मुखिया, मुनिम-कारोबारी र तिनका आशे-पासेहरूको खलनायकीय छलछामे खेल जो अहिले विचित्रसँग पुनर्जाग्रत हुन थालेको देखिँदो छ । तीमध्ये कसैलाई सकारात्मक देखिने साखुल्ले अभिनयको भार र कसैलाई आलोचनाको जिम्मेवारी बोकाइएका देखिन्छन् । अन्ततः यी दुवैको लक्ष्यमध्ये, एउटाले दाहिने हातले देब्रे कान र अर्कोले देब्रे हातले दाहिने कान समाए जस्तो, अन्ततः एउटै नकारात्मक नतिजा कोरल्ने वातावरण बनाइरहेका छन् । अर्थात्, बाहिर जे-जस्तो देखिए पनि, समग्रमा, भित्रभित्रै चाहिँ देशलाई आइलागेको यो भयानक झत्कोसको सहज समाधान नहोस्, पीडितहरु भरसक राज्य(निसृत राहतबाट सन्तुष्ट नहुने परिस्थिति सिर्जना होस्, अन्तर्राष्ट्रिय जगतले पनि नेपाललाई २०८२ भदौ २४अघिकै सन्दर्भमा बुझोस् र सत्तालाई यही मौकामा विफल सिद्ध गर्न सकियोस् भन्ने कुटिल सोचकै भूमिका खेलिँदैछ । यदाकदाका गुलिया कुरा पनि जन-बुझाइमा 'सुम्सुम्याउने निउँमा कोपर्ने चाल' देखिन थालेको बुझिँदैछ ।

उपर्युक्त टिप्पणी स्थितिको सक्कल-चित्र (फोटोग्राफी) हो । लोकतान्त्रिक नेपालको साढे तीन दशकका दोस्रो 'अधिकांश समय'-मा कसको अधिनायकीय शासन चलेको थियो ? यो ऐतिहासिक आदिकालदेखिकै भूगोलबन्दी र त्यसैकारण प्रकारान्तरले विपन्न बन्न बाध्य राष्ट्रका निर्धा-निमुखा नागरिकले त्यसबेला घोषित-अघोषित रूपमा कस्ता-कस्ता पक्षपाती र पक्षघाती शासकीय स्वार्थका प्रकोप-प्रकरणहरु भोग्नु परेको थियो ? त्यो शासकीय ढाँचा झन्नै रूमानियाइ निकोलाई चाउचेस्कु वा यस शताब्दीकै एकमात्र नरभक्षी युगाण्डाली दादा इदी अमिन शैली र स्वरूपको सहधर्मी थियो-थिएन ? अर्थात्, त्यसरी चार-चार पटक राज्यको कार्यकारी अधिकारलाई मियो मानेर स्वेच्छाचारी दाइ गर्ने एमाले पार्टी अहिलेको महाप्रलय भोगिरहेको यो गरीब र निरूपाय राष्ट्रको हित-सान्दर्भिक नैतिक कर्त्तव्यको हकमा कसरी प्रस्तुत हुँदैछ ? आफ्नो अध्यक्ष रहेको मान्छेले पिउने पानीसम्म विदेशबाट आयात गर्ने गर्छ र त्यसका लागि मात्र महिनामा आधा लाख बढी खर्च गर्नसक्छ, ऊ लगभग पचास लाखको चश्मा लाउनसक्छ र करोडौंको गाडी चढेर सुरक्षाको लस्करका बीचमा सामन्तयुगीन राजकीय शान देखाउँदै आफ्ना भाँटहरूका तालीमा रमाउने सामर्थ्य र हैसियत राख्छ । यस्तो पार्टीले भोटेकोशीको अभूतपूर्व वितण्डाका लागि कति सहयोग दिने घोषणा गरेको छ ? त्यो, उसको हैसियतको हकमा कनिका मानिने, सहयोग पनि आफ्नै कमरेडहरूको हातबाट खर्च हुने अब्डेड्याइँ बखानेर निकासा गर्दैछ । अन्ततः यो डेउढ्याइँका साथ यो समय-सन्दर्भमा प्रस्तुत हुँदा रामबहादुर, ऐन, पद्मा, सूर्यहरु जस्ता पाउभक्त पात्रहरूलाई चाहिँ अप्ठ्यारो नलाग्नुको अन्तर्य के हो ? पूर्ववर्ती सम्पूर्ण सेरोफेरोमा यो सहयोगलाई पनि जनमनले दुनियाँका आँखामा छारो ठहर गरेका छन् ! यसले सो पार्टीले देश र नागरिकका प्रतिको आफ्नो ताहिँ कस्तो लोकतान्त्रिक कर्त्तव्य र नैतिक जिम्मेवारी बुझेको रहेछ भन्ने प्रष्ट पारेकै छ !

३५ वर्षसम्म आफू, आफ्ना हनुमाने भजनजीवी भारदारहरु र तिनका मातहती आज्ञापालन गरिखाने अबोधहरूलाई

पोषेर मुलुक र मुलुकीलाई पेटारी कसाउने तत्व वास्तवमा को हुन् भन्ने त 'जेनजेड' वयसका युवाले अघाउन्जी चिनाएकै छन् । तिनै तत्वहरूले आज सङ्लो लोकमतद्वारा अनुमोदित भई सत्ता सञ्चालनको अभिभारा बोकिरहेकाहरूलाई 'लोकतन्त्र'-को परिभाषा पढाइरहेको देख्ता सचेत वर्गलाई पनि कोक्याउन थालेको छ । जे-जस्तो अवस्थाबाट गुज्रिँदै आउनु परेको भए पनि आजका मैदानी नेपालीले समेत, जीवन-भोगाइकै अनुभूतिभित्र, यो तितो सत्य बुझेका छन् । त्यसैले, विगतका किचोले तत्वहरूले आज जे-जसरी आफ्नो परिचय दिँदैछन् त्यसको जवाफ त आगामी स्थानीय चुनावले पनि दिने स्थिति बनेको छ । अतः 'आजका जनता' कहिले 'धागो छिनेको चङ्गा' र कहिले 'वर्षायामको गंगा' पनि हुन् सक्छन् - तिनलाई कसैले रोक्न सक्तैन भनिएको हो । यही भनाइलाई २०८२ भदौ २३/२४ले पनि पुष्टि गरेको थियो । त्यसबाहेक लगभग १० लाख सूचीबद्ध सदस्य-संख्या भएको एमाले पार्टीले त लगभग ६ लाख मात्र भएर एकै वर्षमा कसरी ओर्लियो भनेर मूल्यांकन गरेकै होला ! यसलाई पनि प्रकारान्तरले लोकतान्त्रिक नेपालका हकमा नागरिक कित्ताको विवेकी न्यायपरायणताको द्योतक हैसियत मान्न सकिन्छ । हुन त यस्ता अरु पनि थुप्रै उदाहरण छिप्पिसकेका छन् र हाल उम्रिँदै पनि छन् भनेर सम्बन्धितहरूले पो खोतलेर बुझ्नुपर्ने हो त। त्यसैले आजलाई यति नै । शेष फेरि...

## सामाजिक सञ्जाल



### ग्रेटा थनबर्गको जोडदार अपिल-

# नेपाललाई सहायता होइन जलवायु क्षतिपूर्ति देउ

नेपालमा पछिल्लो समय भएको विनाशकारी हिमपहिरोले निम्त्याएको बाढी तथा मानवीय संकटलाई जलवायु परिवर्तनसँग जोड्दै स्विडिस जलवायु अभियन्ता ग्रेटा थनबर्गले विकसित देशहरूले नेपाललाई दिने आर्थिक सहयोगलाई 'सहायता' नभई 'जलवायु क्षतिपूर्ति'का रूपमा बुझ्नुपर्ने बताएकी छन् ।

सेप्टेम्बर ४ सम्म नेपालमा १ हजार २८७ जनाको मृत्यु भएको, करिब ५ हजार ८३ जना सम्पर्कविहीन वा बेपत्ता रहेको तथा हजारौं मानिस घाइते भएको दाबी गर्दै थनबर्गले विपत्तिको स्तर 'कल्पनाभन्दा बाहिरको' भएको उल्लेख गरेकी छन् । उनका अनुसार यति ठूलो क्षतिको घटनालाई केवल प्राकृतिक विपत्तिका रूपमा व्याख्या गरेर अन्तर्राष्ट्रिय समुदाय आफ्नो जिम्मेवारीबाट पन्छिन मिल्दैन ।

थनबर्गले हिमनदी पतनलाई विश्वव्यापी तापक्रम वृद्धिसँग जोड्दै त्यसका लागि मुख्यतः आर्थिक रूपमा सम्पन्न देश र जीवाश्म इन्धन कम्पनीहरूको कार्बन उत्सर्जन जिम्मेवार रहेको तर्क गरेकी छन् । जीवाश्म इन्धनको उत्खनन र बिक्रीबाट ठूलो नाफा कमाएका कम्पनी तथा उच्च उत्सर्जन गर्ने विकसित अर्थतन्त्रहरूले जलवायु संकटबाट सबैभन्दा बढी प्रभावित गरिब तथा कमजोर देशको क्षतिपूर्ति गर्नुपर्ने उनको भनाइ छ ।

उनले अन्तर्राष्ट्रिय सहयोगको भाषामै परिवर्तन आवश्यक रहेको बताएकी छन् । उनका अनुसार नेपाललाई दिइने रकमलाई 'मानवीय सहायता' वा 'उदारता'का रूपमा प्रस्तुत गर्नु उपयुक्त छैन । बरु जलवायु संकट सिर्जना गर्न बढी योगदान गरेका देशहरूले त्यसबाट प्रभावित नेपालजस्ता मुलुकलाई क्षतिपूर्ति तिर्नुपर्ने उनको तर्क छ ।

'नेपालले पाउनुपर्ने कुरा जलवायु ऋण हो । यो कुनै उपहार होइन, जुन तथाकथित विकसित देशहरूले आफूखुसी दिने वा नदिने तथा कति दिने भनेर निर्णय गर्न पाऊन्,' थनबर्गको भनाइ छ ।

**नेपालको आफ्नै उद्धार प्रयासको प्रशंसा**

थनबर्गले अन्तर्राष्ट्रिय सहयोगको मागसँगै नेपालले आफ्नै स्रोत र जनशक्तिबाट गरिरहेको उद्धार तथा राहत प्रयासको समेत प्रशंसा गरेकी छन् । उनका अनुसार २१ हजार ४२१ सुरक्षाकर्मी परिचालन गरिएको, १३ हजार ९४ जनाको उद्धार गरिएको र ५ हजार ३९७ घाइतेको उपचार गरिएको छ । त्यस्तै, करिब ४ हजार ५२१ जना प्रभावितलाई देशभरका होल्डिङ सेन्टरमा आश्रय दिइएको उनले उल्लेख गरेकी छन् ।

उनले नेपाललाई समस्या समाधान गर्न अन्तर्राष्ट्रिय समुदायको सहयोग पर्खिरहेको देशका रूपमा चित्रण गर्न नहुने बताएकी छन् । बरु नेपालले आफूले सिर्जना नगरेको संकटको ठूलो हिस्सा आफ्नै स्रोतबाट व्यवस्थापन गरिरहेको र त्यसमा विश्वका अन्य देशले पनि आफ्नो जिम्मेवारी पूरा गर्नुपर्ने उनको भनाइ छ ।

**जलवायु न्यायको बहस फेरि केन्द्रमा**

नेपालको पछिल्लो विपत्तिले जलवायु परिवर्तनका कारण हुने क्षति र त्यसको आर्थिक जिम्मेवारीसम्बन्धी पुरानो बहसलाई फेरि सतहमा ल्याएको छ । विकासशील तथा जोखिममा रहेका देशहरूले जलवायु संकटको मूल्य आफ्नै स्रोतबाट मात्रै बेहोर्नुपर्ने अवस्था न्यायसंगत नभएको तर्क हुँदै आएको छ । थनबर्गको सन्देश पनि यही बहससँग जोडिएको छ । जलवायु परिवर्तनको असर भोगिरहेका देशलाई केवल राहतको पात्रका रूपमा नभई अधिकार र क्षतिपूर्तिको दाबी गर्ने पक्षका रूपमा हेर्नुपर्ने उनको तर्क ।

# भोटेकोशी बाढी : सुरुङ उद्धारमा ढिलाइबारे निष्पक्ष समीक्षा गर्न सुझाव

दमक । जवाफदेहिता निगरानी समितिले भोटेकोशी बाढीपछि जलविद्युत् आयोजनाका सुरुङमा फसेका नागरिकको उद्धारमा भएको ढिलाइ, पूर्वचेतावनी प्रणालीको कमजोरी र तीन तहका सरकारबीचको समन्वय अभावबारे निष्पक्ष तथा वस्तुगत समीक्षा गर्न सरकारलाई सुझाव दिएको छ । समितिले सुरुङभित्र सयौं मानिस फसेको जानकारी पाएपछि राष्ट्रिय उद्धार क्षमता तत्काल आकलन गरी आवश्यकताअनुसार चीन, भारतलगायत मित्रराष्ट्रबाट विशेषज्ञ जनशक्ति र उपकरण परिचालन गर्न ढिलाइ भएको विषयलाई चिन्ताजनक भनेको छ ।

समितिले उद्धारमा भएको ढिलाइको कारण, निर्णय प्रक्रिया, स्रोतसाधनको उपलब्धता, अन्तरनिकाय समन्वय र बाह्य सहयोग परिचालनको अवस्थाबारे वस्तुगत समीक्षा गर्नुपर्ने जनाएको छ । लापरवाही वा जिम्मेवारी निर्वाहमा कमजोरी देखिए सम्बन्धित निकाय तथा पदाधिकारीलाई जवाफदेही बनाउन र समीक्षा प्रतिवेदन सार्वजनिक गर्न पनि समितिले माग गरेको छ । साथै, बाढीपछि नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका उद्धारकर्मीले गरेको प्रयासको समितिले प्रशंसा गरेको छ ।

बाढीका क्रममा पूर्वचेतावनी प्रणाली प्रभावकारी नदेखिएको तथा चेतावनी दिइए पनि त्यसको गम्भीरता र सम्भावित प्रभावबारे नागरिकलाई पर्याप्त जानकारी नदिइएको समितिको निष्कर्ष छ । संघ, प्रदेश र स्थानीय तहबीच अपेक्षित समन्वय हुन नसकेको तथा राहत सामग्री उपलब्ध भए पनि वास्तविक पीडितसम्म समयमै पुग्न नसकेको समितिले जनाएको छ । सडक, सञ्चार, विद्युत् र इन्टरनेटजस्ता अत्यावश्यक सेवा शीघ्र पुनर्स्थापित गर्न पर्याप्त प्रयास नभएको तथा उद्धार, राहत र विपद् व्यवस्थापनसम्बन्धी एकीकृत र अद्यावधिक सूचना नियमित रूपमा सार्वजनिक हुन नसकेको पनि समितिले औंल्याएको छ ।

समितिले विपद्का बेला मन्त्री, सांसद तथा अन्य सार्वजनिक पदाधिकारी उद्धार, राहत र समन्वयमा केन्द्रित हुनुपर्नेमा अनावश्यक प्रचार तथा श्रेयको प्रतिस्पर्धा भएको गुनासो आएको जनाएको छ । विपद् प्रतिकार्यलाई राजनीतिक प्रचारको माध्यम बनाउन नहुने उसको भनाइ छ । गर्भवती तथा सुत्केरी महिला, शिशु, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, बालबालिका, घाइते र दीर्घरोगीलगायत विशेष संरक्षण आवश्यक पर्ने व्यक्तिको उद्धार, स्वास्थ्य सेवा, औषधि, पोषण तथा सुरक्षित स्थानान्तरणलाई प्राथमिकता दिन पनि समितिले सुझाव दिएको छ ।

बाढीमा मृत्यु भएकाको शव व्यवस्थापनबारे पनि समितिले सरकारसँग स्पष्टता मागेको छ । विशेषगरी सामूहिक रूपमा जमिनमा गाडेर शव व्यवस्थापन गर्ने निर्णयको आधार र औचित्यबारे परिवार तथा आमसमुदायलाई स्पष्ट जानकारी दिनुपर्ने समितिको भनाइ छ । सम्भव भएसम्म प्रत्येक मृत शरीरको वैज्ञानिक विधिबाट पहिचान गरी परिवारलाई समयमै जानकारी दिन तथा मृतकको मर्यादा, परिवारको सांस्कृतिक तथा धार्मिक अधिकार र प्रचलित कानुनी एवं मानवीय मापदण्डअनुसार अन्तिम व्यवस्थापन गर्न समितिले आग्रह गरेको छ ।

समितिले सरकारसमक्ष सुरुङ उद्धारदेखि दीर्घकालीन विपद् व्यवस्थापन र जलवायु न्यायसम्म समेटिएका १६ बुँदे सुझाव प्रस्तुत गरेको छ । त्यसमा मित्रराष्ट्रबाट विशेषज्ञ जनशक्ति तथा आवश्यक उपकरण परिचालन गरी सुरुङ उद्धार क्षमता विस्तार गर्ने, उद्धारमा भएको ढिलाइको निष्पक्ष लेखाजोखा गर्ने र तीन तहका सरकारबीच प्रभावकारी समन्वय सुनिश्चित गर्ने विषय प्रमुख छन् ।

राहतलाई वास्तविक पीडितसम्म तत्काल पुऱ्याउने, वितरणलाई पारदर्शी, आवश्यकता( आधारित, गैरभेदभावपूर्ण र समावेशी बनाउने तथा राहत सामग्रीको न्यूनतम गुणस्तर सुनिश्चित गर्न पनि समितिले सुझाएको छ । सडक, पुल, विद्युत्, दूरसञ्चार र इन्टरनेटलगायत अत्यावश्यक सेवा शीघ्र पुनर्स्थापित गर्नुका साथै प्रभावित नागरिकको दैनिक जीवन र जीविकोपार्जन सहज बनाउनुपर्ने उसको सुझाव छ ।

सरकारले उद्धार, मृत्यु तथा बेपत्ता, घाइते, राहत, स्वास्थ्य सेवा, सुरक्षित स्थान, यातायात, सञ्चारको अवस्था तथा थप बाढी जोखिमबारे नियमित, विश्वसनीय र एकीकृत सूचना सार्वजनिक गर्नुपर्ने समितिले जनाएको छ । पूर्वचेतावनी प्रणाली विस्तार र परिमार्जन गर्दै हिमनदी क्षय, हिमताल विस्फोट तथा अन्य कारणबाट उत्पन्न बाढीको जोखिमबारे समयमै सूचना दिने व्यवस्था गर्न पनि समितिले सुझाव दिएको छ ।

वैज्ञानिक अध्ययन, जोखिम मूल्यांकन तथा जोखिम नक्सांकनका आधारमा जलवायु उत्थानशील भूउपयोग र आवास नीति लागू गर्न, विस्थापित नागरिकका लागि सुरक्षित वैकल्पिक आवासको व्यवस्था गर्न तथा जीविकोपार्जन, शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाका लागि न्यूनतम राष्ट्रिय मापदण्ड निर्धारण गर्न समितिले सरकारलाई सुझाएको छ ।

बाढीको भौगोलिक, जलवायुगत तथा वातावरणीय कारणबारे स्वतन्त्र र वैज्ञानिक अध्ययन गरी हिमताल तथा हिमनदीजन्य जोखिममा जलवायु परिवर्तनको योगदान यकिन गर्नुपर्ने समितिको भनाइ छ । जलवायु परिवर्तनका कारण विपद्को जोखिम वा तीव्रता बढेको प्रमाणलाई नेपालको जलवायु न्यायसम्बन्धी अन्तर्राष्ट्रिय पैरवीको आधार बनाउन तथा न्यून योगदान गरेका तर बढी प्रभावित नागरिकको संरक्षण, पुनर्स्थापना र अनुकूलनका लागि अन्तर्राष्ट्रिय सहयोग र दायित्वको विषय सशक्त रूपमा उठाउनुपर्ने समितिले जनाएको छ ।

समितिले हिमनदी तथा हिमतालजन्य सीमापार विपद्को निरन्तर अनुगमन, पूर्वचेतावनी, पूर्वतयारी, सूचना आदान( प्रदान र सामूहिक प्रतिकार्यका लागि नेपाल( चीन तथा आवश्यकताअनुसार नेपाल( चीन(भारतबीच स्थायी अन्तरदेशीय संयन्त्र स्थापना गर्नसमेत सुझाव दिएको छ । भोटेकोशी बाढीबाट भएको तत्कालीन तथा दीर्घकालीन क्षति सम्बोधन, प्रभावित नागरिकको अधिकार संरक्षण, पुनर्स्थापना तथा पुनर्निर्माणका लागि नेपालले अन्तर्राष्ट्रिय सहयोग र जलवायु वित्तलाई 'च्यारिटी'का रूपमा नभई जलवायु परिवर्तनको असर भोगिरहेको मुलुकका रूपमा आˆनो अधिकार र न्यायोचित आवश्यकताका आधारमा परिचालन गर्नुपर्नेमा समितिले जोड दिएको छ ।

# ट्याक्टर दुर्घटना हुँदा दुई जना बेपत्ता

ताप्लेजुङ/ मेरिङदेन गाउँपालिका-३ दोभान बजारस्थित मैवाखोलामा ट्याक्टर दुर्घटना हुँदा दुई जनालाई खोलाले बगाएको छ । आठराई त्रिवेणी गाउँपालिकाको हाङपाङबाट अरूण भेनियरतर्फ जाँदै गरेको नम्बर नखुलेको ट्याक्टर सोमबार मैवाखोलाको पुलको छेउबाट करिब १५ मिटर तल खसेको थियो । दुर्घटनापछि ट्याक्टरमा सवार मेरिङदेन गाउँपालिका-६ नाल्बोका १४ वर्षीय समीर नाल्बोले इलाका प्रहरी कार्यालय दोभानमा पुगेर घटनाबारे जानकारी गराएका थिए ।

ट्याक्टर पुलबाट करिब २० मिटर तल मैवाखोलाको बगरमा भेटिएको छ । ट्याक्टर चालक समीर बराइली र ट्याक्टरमा सवार अनिल नाल्बोलाई खोलाले बगाएर बेपत्ता बनाएको जिल्ला प्रहरी कार्यालय ताप्लेजुङका प्रमुख तथा प्रहरी नायब उपरीक्षक कमल बजगाईले जानकारी दिए । बेपत्ताको खोजीका लागि प्रहरी निरीक्षक विन्देश्वर यादवसहितको टोली परिचालन गरिएको छ । ट्याक्टर अरूण भेनियर कम्पनीको रहेको र कम्पनीका सञ्चालक प्रकाश नाल्बोसँग आवश्यक समन्वय भइरहेको प्रहरीले जनाएको छ ।

# खोटाङमा विष्फोटक पदार्थ डिस्पोज

खोटाङ/ खोटाङमा भेटिएको द्वन्द्वकालीन विस्फोटक पदार्थ 'नेपोलाइट' नेपाली सेनाले डिस्पोज गरेको छ । जिल्ला सदरमुकामस्थित बेसक्याम्पमा आइतबार साँझ विस्फोटक पदार्थ भेटिएको थियो । द्वन्द्वकालमा उक्त बेसक्याम्पमा सुरक्षा फौजको क्याम्प रहेको थियो । सोही समयमा राखिएको विस्फोटक पदार्थ स्थानीयले जमिन खन्ने क्रममा आइतबार साँझ फेला पारेका हुन् । व्यक्तिको जग्गामा रहेको उक्त बेसक्याम्पमा सशस्त्र द्वन्द्वका बेला नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीको संयुक्त सुरक्षा फौज राखिएको थियो । उक्त स्थानबाट क्याम्प सारिएको लामो समय भइसके पनि बेलाबेला विस्फोटक पदार्थ भेटिने गरेको छ । आइतबार स्थानीयले फुटसल ग्राउन्डको पर्खाल निर्माणका लागि जमिन खन्ने क्रममा करिब दुई सय ग्रामको विस्फोटक पदार्थ 'नेपोलाइट' फेला पारेका थिए । रणभीम गण, मुडे ब्यारेकका गणपति प्रमुख सेनानी पवन कार्कीका अनुसार उक्त विस्फोटक पदार्थ सोमबार बिहान डिस्पोज गरिएको हो ।

# बाढीपीडितका लागि झापाली समाजले १५ लाख पठायो, १५ लाख थप पठाउने



दमक । बाढी तथा पहिरो प्रभावित नागरिकको राहत तथा पुनःस्थापनाका लागि विश्वका विभिन्न मुलुकमा रहेका झापाली समाजहरूले करिब १५ लाख रूपैयाँ सहयोग गरेका छन् । उपलब्ध विवरणअनुसार अस्ट्रेलिया, अमेरिका, साउदी अरेबिया, माल्टा, बेल्जियम, नेदरल्यान्ड्स, ओमान, कुवेत र कतारस्थित झापाली समाजले प्रभावित नागरिकका लागि आर्थिक सहयोग जुटाएका हुन् ।

सबैभन्दा बढी अस्ट्रेलियास्थित झापाली समाजले ५ लाख रूपैयाँ सहयोग गरेको छ । अमेरिकास्थित समाजले २ लाख रूपैयाँ तथा साउदी अरेबियास्थित समाजले १ लाख ७९ हजार १ सय २० रूपैयाँ उपलब्ध गराएको छ । त्यस्तै माल्टाबाट १ लाख २८ हजार र बेल्जियमबाट १ लाख १० हजार १ सय ७६ रूपैयाँ सहयोग प्राप्त भएको विवरणमा उल्लेख छ ।

नेदरल्यान्ड्स, ओमान र कुवेतस्थित झापाली समाजले जनही १ लाख रूपैयाँ तथा कतारस्थित समाजले ५० हजार रूपैयाँ सहयोग गरेको जनाएको छ ।

विदेशमा रहेका झापाली समुदायले विपद्का बेला मातृभूमिप्रतिको ऐक्यबद्धता जनाउँदै राहत र पुनःस्थापनाका लागि सहयोग जुटाएका हुन् । यसै क्रममा अन्तर्राष्ट्रिय झापाली समाजले भोटेकोशी बाढीपीडितका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा थप १५ लाख रूपैयाँ सहयोग गर्ने निर्णय गरेको छ ।

शनिबार अध्यक्ष महेन्द्रप्रसाद चम्लागाईंको अध्यक्षतामा बसेको भर्चुअल बैठकले उक्त रकम प्रदान गर्ने निर्णय गरेको महासचिव चिरन खवासले जानकारी दिए ।

समाजले बाढीपहिरोमा ज्यान गुमाउनेप्रति श्रद्धाञ्जली व्यक्त गर्दै प्रभावितको उद्धार, राहत तथा पुनःस्थापनामा निरन्तर सहयोग गर्ने प्रतिबद्धता जनाएको छ । अन्तर्राष्ट्रिय झापाली समाजका राष्ट्रिय समितिहरु विश्वका ४० भन्दा बढी मुलुकमा सक्रिय छन् ।

## कविता

# ती सारंगी दाई



♦ श्यामकृष्ण लम्साल

ती सारङ्गीदाइ
हामीभन्दा जागा छन्,
गाउँबस्ती, पाखापखेरा
भञ्ज्याङ्, देउराली, खोला, खहरेहरू
तिनका बारेमा अनविज्ञ छैनन्,
भोको पेट कराएजसरी
रङ्रङ् बज्छ तिनको सारङ्गी
अन्तरात्मा भकान्निएर निस्केको आवाजजस्तै
धुन ओकल्ने मुहान् बन्छ
तिनको सारङ्गी बज्दा,
तिनको सारङ्गीको आवाज
र जिन्दगीको आवाज
उस्तै-उस्तै लाग्ने गर्छ
सुन्न जानियो भने ।

*- दिङ्ला, भोजपुर*

# प्रेसरको औषधि बीचमै नछोडौं

दमक । वरिष्ठ मुटुरोग विशेषज्ञ डा. मान बहादुर केसीले उच्च रक्तचाप (प्रेसर) का बिरामीहरूले चिकित्सकको सल्लाहबिना औषधि बीचमै छोड्न नहुने बताएका छन् ।

डा. केसीका अनुसार, प्रेसरको औषधि मनलाग्दी रूपमा बीचमै छोड्दा शरीरका विभिन्न महत्वपूर्ण अंगमा असर पर्न सक्छ । लामो समयसम्म रक्तचाप नियन्त्रणमा नआउँदा आँखामा समस्या, किड्नीमा क्षति तथा मुटु फेलियरजस्ता गम्भीर समस्या देखिन सक्ने डा. केसीले बताए। मुटुका बिरामीले खसीको भुटनमा बोसो हुने भएकोले नखान डा. केसीले सुझाब दिएका छ्न ।


त्यसैले चिकित्सकले प्रेसर नियन्त्रणका लागि दिएको औषधि नियमित रूपमा सेवन गर्न र औषधि बन्द गर्नुपरे चिकित्सकसँग मात्रै परामर्श गर्न डा. केसीले सुझाव दिएका छन् ।

डा. केसी ह्याम्स अस्पताल धुम्बराहीमा कार्यरत छ्न। यस अघि गगालाल मेमोरियल अस्पतालमा लामो समयसम्म बिरामीको सेवा गर्दै आएका थिए ।



♦ डा. प्रेम खत्री

# नेपाली सामाजिक संस्कारहरूमा तिथिमितिको महत्व




## केही मुख्य सामाजिक संस्कार र तिथिबीचको सम्बन्ध

**जन्म** ः धेरै हिन्दु जातिहरूमा पहिले जन्मअघि गर्नु पर्ने पुंसवनलगायत विविध कर्म गरिन्थे । अब ती त्यति गरिँदैनन् । शिशु जन्म एउटा महत्त्वपूर्ण पारिवारिक एवम् सामाजिक घटना भएकोले जन्मनासाथ त्यो मुहूर्तमा कुन राशि, ग्रह, नक्षत्र सक्रिय थिए वा शासनमा थिए भन्ने हेरिन्छ । जस्तो औंसीको चतुर्दशीमा भएको जन्म व्यक्तिका लाथि शुभ मानिंदैन तर त्यस्तो जन्म भइहाले आवश्यक स्वस्ति-शान्ति गर्ने विधान पनि छ । जन्मेको तिथि गणनाबाटै व्यक्तिको जन्मपत्री बन्छ । तिथिहरूको दोसाँध नपरेको जन्मलाई बाधारहित मान्ने विश्वास छ ।

जन्मेको तिथिले पछि विवाहमा पनि असर पार्छ भन्ने पनि हामीकहाँ विश्वास छ ।

**संस्कृति र अनुभूतिका आयामह**

**बृद्धि संस्कार** ः पास्नी, छेवर, कर्णभेद, व्रतबन्ध आदि बृद्धि संस्कारमा पनि तिथिको महत्त्व छ । यी संस्कार सम्पन्न गर्दा पनि रिक्ता समूह अर्थात् ४. ९ र १४ लाई छल्ने परम्परा छ । यसै गरी साउनदेखि कार्तिकसम्मका महिना पनि त्याज्य नै मानिन्छन् ।

**अक्षराम्भ** ःशिशुलाई अक्षर चिनाउनु वा लेख्न-पढ्न लगाउनु उसको शारीरिक र मानसिक ताकत बढ्ने क्रममा एक अवस्थामा पुगेको घटना हो । अतएव सर्वप्रथम अक्षर आरम्भ गराउँदा २, ३, ५, ७, १०, ११ र १२ तिथिलाई उत्तम मानिन्छ । उत्तम मानिनुको तात्पर्य यी तिथिमा अक्षर चिन्ने शिशु पछि विद्वान् हुन्छ भन्ने कारणले हो ।

**उपनयन** ः कर्णभेदजस्तै उपनयनमा पनि प्रायः वर्षाका चार महिना (साउनदेखि कार्तिकसम्म) छलिन्छ । श्रीपञ्चमी, अक्षयतृतीया आदिलाई शुभकार्यका लागि खासै साइत जुराउनु नपर्ने तिथि मानिन्छ । उपनयन संस्कारमा कुमारलाई गायत्रीमन्त्र श्रवण गराउनु महत्त्वपूर्ण भएकाले यसमा तिथिभन्दा मुहूर्तको विशेष ख्याल गरिन्छ ।

**विवाह** ः विवाह परिवार र सामाजिक जीवनलाई गति र जीवन्तता दिने, नयाँ नाता सम्बन्ध जोड्ने, जीवनमा स्थायित्व र गति दुवै पक्ष सुनिश्चित गर्ने घटना भएकोले यसका लागि शास्त्रले विविध व्यवस्था गरेको छ । वर्षभरिका केही महिना विवाहका लागि शुभ मानिदैनन् । विवाहको कुरा अघाडि बढाउने, त्यसलाई अन्तिम रूप दिने आदि कार्यमा नक्षत्रका हिसाबले यहाँ पनि रित्ता वर्गका नक्षत्र छल्नु भन्ने निर्देश छ ।

विवाहका कार्यमा 'भद्रा' छल्ने पनि विधान छ। विवाह कार्यमा २८ नक्षत्रमध्ये 'तीन उत्तरा अर्थात् उत्तराभाद्रपदा, उत्तरषाढा, उत्तराफाल्गुणीलाई राम्रो मानिन्छ । तर अहिले हामीकहाँ, खासगरी व्यस्त सहरी जीवनमा विकसित सबै विधि छिटो सक्ने भोजभतेर विधिलाई बढी समय दिने प्रवृत्तिमा सबै २८ नक्षत्रलाई दिपीले नै आ̂नो पक्षमा अर्थात शुभ पार्ने प्रचलन हावी छ । यसमा कनै तिथिको अग्राधिकारको कुरा रहेन । वास्तवमा अहिले तन, मन र धन मिलेपछि सबैखाले भद्राहरु भद्र हुँदै गएको देख्न सकिन्छ । यो संशोधित परिदृश्य अहिले हाम्रो सामाजिक लौकिक जीवनमा हाबी भएको अनुभव गर्न सकिन्छ ।


त्यसैले अहिले हाम्रो रीति परम्पराको घेरामा रहेका भद्रा वा अन्य सम्भावित हानिकारक मुहूर्तहरु छल्ने सोचभन्दा पहिलेका मान्यतालाई छल्ने, तिनलाई एकातिर पन्साएर उम्कने प्रवृत्ति हाबी हुँदैछ । यसको सोझो अर्थ हो हाम्रा पञ्चाङ्गका पानाभरि रहेका तिथि र मुहुर्तसम्बन्धी विधानहरु पानामै टाँसिइरहने र तिनका स्थान अन्य परम्पराले लिने क्रम बढ्दो छ । क्रमशः...

## आँखा सम्बन्धी रोचक जानकारी

१. एक स्वस्थ मानिस प्रतिमिनेट औसत १७ पटक आँखा झिम्काउँछ । यो गणनाको आधारमा १ दिनमा करिब १६ हजार पटक आँखा झिम्किन्छ र बर्षमा ६० लाख पटक ।
२. आँखा करिब २० लाख भागहरु मिलेर बनेको हुन्छ ।
३. आँखाको कोर्निया शरीरको एक मात्र त्यस्तो तन्तु हो, जसमा रगत प्रवाह हुँदैन ।
४. एउटा आँखाको तौल करिब २८ ग्राम हुन्छ ।
५. आँखा खुल्ला राखेर हाछ्यूँ गर्न सम्भव हुँदैन ।
६. जन्मदेखि मृत्युसम्म आँखाको आकार परिवर्तन हुँदैन ।
७. भर्खर जन्मेको बच्चामा रूँदा पनि आँसु आउँदैन ।
८. हरेक पटक आँखा झिम्क्याउँदा आँखा करिब ०.३ सेकेन्डका लागि बन्द हुन्छ । यसको मतलब हाम्रो आँखा प्रतिदिन करिब ३० मिनेट झिमझिम गर्दा बन्द हुने गर्छ ।
९. आँखाको रिजोलुसन ५७६ मेघा पिक्सेल हुन्छ ।
१०. पृथ्वी समतल भएको भए आँखाले ५० किमी पर र हेको बलिरहेको बत्ती देख्ने क्षमता हुन्छ ।
११. मानिसको आँखाले १ करोड फरक रङ्ग छुट्याउन सक्छ ।
८ सामान्यतया मानव आँखा १२ देखि १६ पटक प्रतिमिनेट झिम्किन्छ । बिभिन्न रोग तथा अवस्थामा यो दर घट्ने या बढ्ने हुन सक्छ ।

## खानपिन र जीवनशैली

# पित्तलको भाँडोमा राखेको पानी पिउँदाका फाइदा



दमक/ पानीको सेवन हाम्रो स्वास्थ्यको लागि निकै जरुरी छ । यो कुरा हामी सबैलाई थाहै छ । तर बिहान खाली पेटमा कुन भाँडोमा राखिएको पानी पिउँदा स्वास्थ्यलाई राम्रो हुन्छ भन्ने कुरा सबैलाई थाहा नहुन पनि सक्छ । आयुर्वेदका अनुसार पित्तलको गिलासमा राखेको पानी सेवन गर्दा पाचनदेखि शरीरको मेटाबोलिज्मसम्ममा फाइदा पुग्न सक्छ ।

अहिलेको भागदौडपूर्ण र व्यस्त जिन्दगीमा हामीहरूले आफ्नो स्वास्थ्यको जति गर्नु पर्ने हो त्यति ख्याल राख्न सक्दैनौं । धेरै त आफूलाई स्वस्थ बनाउन महँगो सप्लिमेन्ट समेत खान्छन् । तर बुढापाकाहरूले सधैं भान्सामै पाइने तामा, पित्तल तथा माटोका भाँडामा खानेकुरा र पानी राख्न सल्लाह दिँदै आएका छन् ।

तपाईं पनि आफ्नो दैनिक बानीमा थोरै हेरफेर गर्न चाहनहुन्छ र कयौं गम्भीर रोगबाट सहजै बच्न चाहनु हुन्छ भने पितलको भाडामा राखिएको पानी पिउन सक्नु हुन्छ । पित्तल तामा र जिंकको मिश्रधातु भएकाले यसमा राखिएको पानीका केही स्वास्थ्यसम्बन्धी फाइदा हुन सक्ने दाबी गरिन्छ । आजेको यस लेखमा हामी बिहान खाली पेटमा पितलको भाडामा राखिएको पानी पिउनुको फाइदाबारे कुराकानी गर्नेछौं ।

**पाचन प्रणालीका लागि**

पित्तलको भाँडामा राखिएको पानी सेवन गर्दा पाचन प्रणालीलाई सहयोग पुग्न सक्छ । पीतलमा राखिएको पानीले पेटमा जलन शान्त गराउँछ । यसबाहेक पनि यसले ग्यास तथा अपचजस्ता समस्या कम गर्न मद्दत गर्ने आयुर्वेदमा भनिएको छ ।

**रोग प्रतिरोधात्मक क्षमताका लागि**

पित्तलमा तामा र जिंकजस्ता धातु हुन्छ । यसमा राखिएको पानीमा आवश्यक धातु पनि मिसिन्छ । यो पानीले शरीरको भित्री हिस्साको सफाई गर्छ र रोगसँग लड्ने शरीरको क्षमता पनि बढाउने दाबी आयुर्वेदमा गरिएको छ ।

**छालाका लागि**

आयुर्वेदिक मान्यताअनुसार शरीरको आन्तरिक स्वास्थ्य र छालाको अवस्था एक आपसमा जोडिएका हुन्छन् । पित्तलको भाँडामा राखिएको पानी सेवन गर्दा शरीरमा सकारात्मक प्रभाव पर्ने र त्यसको असर छालामा पनि देखिन सक्ने बताइन्छ । यसले अनुहारमा चमक ल्याउनुका साथै डन्डीफोरजस्ता समस्या कम गर्न सहयोग गर्न सक्ने दाबी गरिएको छ ।

## मनोरञ्जन

# गान्तोकमा नेपथ्यको चौथो कन्सर्ट
# मुख्यमन्त्रीले सार्वजनिक गरे टिकट र टिसर्ट



गान्तोक । नेपाली लोकरक ब्याण्ड नेपथ्यले सिक्किमको राजधानी गान्तोकमा आगामी अक्टोबर ३१ मा कन्सर्ट गर्ने भएको छ । कन्सर्टको घोषणा भएसँगै सिक्किम सरकारले समेत आयोजनाप्रति अपनत्व देखाएको छ ।

भारतको ८०औं गणतन्त्र दिवसका अवसरमा शनिबार गान्तोकमा आयोजित समारोहमा सिक्किमका मुख्यमन्त्री प्रेमसिंह तामाङ (गोले)ले कन्सर्टका लागि तयार पारिएको विशेष टिसर्ट र टिकट सार्वजनिक गरेका हुन् ।

पाल्जोर स्टेडियममा हुने यो नेपथ्यको सिक्किममा चौथो प्रस्तुति हो । यसअघि ब्याण्डले सिक्किममा तीनपटक कन्सर्ट गरिसकेको छ । पहिलो प्रस्तुति बन्द सभागृहमा भएको थियो भने त्यसपछिका दुई कार्यक्रम पाक्योङ र राबाङलाका खुला मैदानमा आयोजना भएका थिए ।

आयोजक 'पोजिटिभ भाइब्स इन्टरटेनमेन्ट नेटवर्क'का अनुसार यसपटकको कार्यक्रम सिक्किमका युवाको ऊर्जा, उत्साह र सिर्जनशीलतालाई प्रोत्साहन गर्नुका साथै स्थानीय संस्कृति संरक्षण र राज्यको पर्यटन प्रवर्द्धनमा केन्द्रित हुनेछ ।

आयोजना टोलीका संयोजक तेन्जिङ दोर्जेले मुख्यमन्त्रीबाट टिकट र टिसर्ट सार्वजनिक गरेर कार्यक्रमप्रति देखाइएको समर्थनप्रति आभार व्यक्त गरेका छन् । उनले सिक्किममा नेपथ्यलाई भव्य स्वागत गर्ने तयारी भइरहेको बताएका छन् ।

नेपथ्यका मुख्य गायक अमृत गुरूङले सिक्किमका विभिन्न पुस्ताबाट आफूहरूले हरेक यात्रामा न्यानो स्वागत पाउँदै आएको बताए । उनका अनुसार सिक्किम(दार्जिलिङ क्षेत्र नेपथ्यलाई प्रारम्भिक समयदेखि नै आमन्त्रण गर्ने क्षेत्रमध्ये एक हो ।

गान्तोकपछि नेपथ्यले नोभेम्बर ४ मा इटहरीमा प्रस्तुति दिने तयारी गरेको छ । ब्याण्डले किर्तिपुर, दक्षिण कोरिया तथा नेपालका अन्य सहरमा समेत आगामी कार्यक्रमको तयारी गरिरहेको जनाएको छ ।

गान्तोक कन्सर्टमा अमृत गुरूङलाई ्व लामा, सुबिन शाक्य, निरज गुरूङ, शान्ति रायमाझी र दिनेशराज रेग्मीले साथ दिनेछन् ।









आज मिति
२०८३ साल
भदौ २४ गते
बुधबार
9 Sept. 2026
तिथि: त्रयोदशी



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगाना: क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
| --- | --- | --- |
| मेष | चु चे लो ला लि लँ ले लो अ | सवारी साधनमा समस्या । सामान्य धन लाभ । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | आत्माबल बढ्ने । कार्यमा सफलता । |
| मिथुन | का कि कु घ ङ छ के को हा | लेनदेनमा विवाद । सामान्य धन लाभ । |
| कर्कट | हि हु हे हो डा डि डु डे डो | सवारी वा पारिवारिक समान जोडिने । मिष्ठान्न भोजन । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | पाउमा समस्या । खर्च बढ्ने । |
| कन्या | टो प पी पु ष ण ठ पे पो | साथीभाईबाट सहयोग । कार्यमा सफल । |
| तुला | रा री रु रे रो ता ती तु ते | परोपकारी दिन बन्ने । आफन्तबाट सहयोग । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | छिमेकीसँग विवाद । कार्यमा रोकावट । |
| धनु | य यो भा भी भ धा फा ढ भे | शिरमा समस्या । अकस्मात धन लाभ । |
| मकर | भो जा जी खि खू खे खो गा गी | व्यापार राम्रो चल्ने । रोकिएका काममा सुधार । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | कृषि कार्यमा रूचि रहने । मावलीको सहयोग । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | कारोबारमा सफलता । सन्तानसँग विवाद । |

# सुनसान बन्दै गोर्खे बजार विगतको चहलपहल सम्झाउने दृश्य

**गोर्खे/** हरिया डाँडाकाँडाको काखमा रहेको गोर्खे बजार अहिले विगतको जस्तो चहलपहलपूर्ण छैन । कुनै समय व्यापार, आवतजावत र स्थानीय गतिविधिले व्यस्त रहने बजारका अधिकांश घर तथा पसलका ढोका बन्द देखिन थालेका छन् । बजारको अहिलेको दृश्यले ग्रामीण बस्तीमा भइरहेको बसाइँसराइ र त्यसको स्थानीय व्यापारमा परेको प्रभावलाई झल्काउँछ ।

एक समय मानिसको भीडभाड र व्यापारिक गतिविधिले भरिने गोर्खे बजार अहिले सुनसानजस्तै देखिनुमा गाउँबाट मानिस बाहिरिने क्रम प्रमुख कारण बनेको छ । वैदेशिक रोजगारी, शिक्षा, स्वास्थ्य र आधुनिक सुविधाको खोजीमा सहर तथा विदेश जाने क्रम बढेसँगै ग्रामीण बस्तीको जनसंख्या घट्दै गएको छ । त्यसको प्रत्यक्ष असर स्थानीय बजारमा परेको छ ।

मानिसको आवागमन घटेपछि व्यापार व्यवसाय पनि खुम्चिँदै गएको छ । कतिपय पसल सञ्चालन हुन छाडेका छन् भने घरहरु पनि बन्द अवस्थामा देखिन्छन् । बजारको यो अवस्थाले ग्रामीण अर्थतन्त्र र स्थानीय बजारको भविष्यबारे गम्भीर प्रश्नसमेत उठाएको छ ।

तर गोर्खे बजारको मौनताभित्र विगतका थुप्रै कथा जीवित छन् । यही बजारमा कसैले बाल्यकाल बिताए, कसैले व्यवसाय सुरू गरे र कसैले परिवारको भविष्य बनाउने सपना देखे । यहाँका घर, पसल, बाटा र चौतारा स्थानीयका पुस्तौँपुस्ताका सुख–दुःख, संघर्ष र सम्बन्धका साक्षी हुन् । अहिले बजारमा देखिएको सुनसानपन केवल व्यापार घटेको संकेत मात्र होइन, बदलिँदो ग्रामीण जीवनशैलीको प्रतिबिम्ब पनि हो । गाउँबाट युवापुस्ता बाहिरिँदै जाँदा स्थानीय श्रम, उत्पादन र उपभोगको चक्र कमजोर हुँदै गएको छ । त्यसले बजारको पुरानो रौनकसमेत हराउँदै लगेको छ ।

गोर्खे बजारको वर्तमान अवस्थाले विकाससँगै गाउँ र स्थानीय बजारलाई कसरी जीवित राख्ने भन्ने बहस आवश्यक बनाएको छ । रोजगारी, शिक्षा, स्वास्थ्य, यातायात र अन्य आधारभूत सुविधा गाउँमै विस्तार गर्न सके मात्र बसाइँसराइको गति रोक्न सकिने देखिन्छ ।

त्यसैले गोर्खे बजारको यो दृश्य एउटा बजार सुनसान बनेको कथा मात्र होइन, ग्रामीण समाजको बदलिँदो स्वरूप, पलायनको प्रभाव र संरक्षणको पर्खाइमा रहेको स्थानीय पहिचानको दस्तावेज पनि हो ।

# इजरायलमा १ हजार ४६४ नेपाली श्रमिकका लागि रोजगारी खुला

**एजेन्सी/** नेपाली श्रमिकका लागि इजरायलमा फेरि रोजगारी खुलेको छ । नेपाल र इजरायल सरकारबीच भएको द्विपक्षीय श्रम सम्झौताअनुसार इजरायलले दीर्घकालीन स्याहार केन्द्रमा सहायक कामदारका रूपमा १ हजार ४६४ नेपाली श्रमिक लैजान आवेदन मागेको हो । तीन महिनाको अवधिमा इजरायलले नेपाली श्रमिकका लागि दोस्रोपटक आवेदन खुलाएको हो ।

वैदेशिक रोजगार विभागले मंगलबार सूचना जारी गर्दै माग भएका श्रमिकमध्ये १ हजार १३२ महिला र ३३२ पुरुष रहेको जनाएको छ । आवेदन विभागको वेबसाइटमार्फत २३ भदौ राति १२ बजेदेखि २६ असोज राति १२ बजेसम्म दिन सकिनेछ । क्याम्ब्रिज अपस्किल इङ्लिस टेस्ट दिनुपर्ने आवेदकले भने ५ भदौदेखि परीक्षा दिन सक्ने विभागले जनाएको छ ।

इजरायलमा काम गर्ने श्रमिकको मासिक तलब ६ हजार ४४३ इजरायली मुद्रा अर्थात् करिब ३ लाख २५ हजार रुपैयाँ तोकिएको छ । उनीहरूले सातामा ६ दिन र ४२ घण्टा काम गर्नुपर्नेछ । वार्षिक बिदा इजरायली कानुनअनुसार हुनेछ ।

रोजगारदाताले बस्ने व्यवस्था गरे पनि त्यसको खर्च श्रमिक स्वयंले बेहोर्नुपर्नेछ । खानाको व्यवस्था पनि श्रमिककै जिम्मेवारी हुने विभागले जनाएको छ । उनीहरूले गम्भीर अपांगता भएका जुनसुकै उमेरका व्यक्तिको स्याहार गर्नुपर्नेछ ।

सुरुमा एक वर्षको करार हुनेछ । करार नवीकरण भएमा पाँच वर्षसम्म इजरायलमा काम गर्न सकिनेछ ।

आवेदनका लागि २५ वर्ष पूरा भई ४५ वर्ष ननाघेको हुनुपर्नेछ । उचाइ कम्तीमा १.५ मिटर र तौल ४५ किलोभन्दा कम हुनु हुँदैन । कम्तीमा कक्षा १० उत्तीर्ण गरी अनमी वा सीएमएससम्बन्धी १५ महिनाको अध्ययन पूरा गरेको वा प्लस टु उत्तीर्ण गरी मान्यताप्राप्त संस्थाबाट कम्तीमा तीन महिनाको केयरगिभिङ तालिम लिएको हुनुपर्नेछ ।

यसअघि इजरायलमा काम गरिसकेका तथा बाबु, आमा, पति, पत्नी वा छोराछोरी इजरायलमा बसोबास वा कार्यरत रहेका व्यक्तिले भने आवेदन दिन पाउने छैनन् ।

# बाढीपीडितलाई पूर्वभारतीय गोर्खा सैनिकको १ लाख २५ हजार सहयोग

**दमक/** झापाको दमकस्थित भारतीय गोर्खा भूतपूर्व सैनिक संगठनले भोटेकोशी बाढीपीडितका लागि १ लाख २५ हजार रूपैयाँ सहयोग गर्ने भएको छ । बाढीमा ज्यान गुमाएकाहरूको सम्झनामा सोमबार दमक–१ स्थित संगठनको भवनमा आयोजित शोकसभामा संकलित रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमार्फत उपलब्ध गराउने निर्णय गरिएको संगठनले जनाएको छ ।

संगठनका अध्यक्ष प्रेमबहादुर बेघा लिम्बुले बाढीबाट भएको जनधनको क्षतिको अवस्था असह्य रहेको बताउँदै पीडित परिवारको दुःखमा साथ दिन राहत रकम उपलब्ध गराउन लागिएको जानकारी दिए । उनले विपद्का बेला सबै क्षेत्रबाट मानवीय सहयोग आवश्यक रहेको भन्दै पूर्वभारतीय गोर्खा सैनिक तथा उनीहरूका परिवारलाई राहत अभियानमा सहभागी हुन आग्रह गरे ।

संगठनका सचिव श्रीप्रसाद राईका अनुसार शोकसभामार्फत बाढीपीडितप्रति श्रद्धाञ्जली तथा समवेदना व्यक्त गर्दै संगठनमा आबद्ध परिवारबाट सहयोग रकम संकलन गरिएको हो ।

अनरी क्याप्टेन असारसिंह खजुम लिम्बुको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा बाढीपीडितलाई तत्काल राहत पुऱ्याउने उद्देश्यले सहयोग रकम कोषमा जम्मा गरिने जानकारी दिइएको थियो ।

# फरार रहेका पाँच प्रतिवादी पक्राउ

**धरान/** सुनसरी जिल्ला अदालतबाट विभिन्न मुद्दामा दोषी ठहर भई फरार रहेका पाँच जना प्रतिवादीलाई प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय सुनसरी तथा मातहतका प्रहरी एकाइबाट खटिएको टोलीले उनीहरूलाई सुनसरीका विभिन्न स्थानबाट पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा इटहरी उपमहानगरपालिका–५ का नरबहादुर विष्ट छन् । उनी बिना इजाजत बैंकिङ तथा वित्तीय कारोबार मुद्दामा दोषी ठहर भएका थिए । अदालतले २०८३ जेठ २० गते गरेको फैसलाअनुसार उनलाई ३५२ दिन कैद र १५ लाख रुपैयाँ जरिवाना तोकिएको थियो ।

त्यस्तै, लेनदेन मुद्दामा दोषी ठहर भएका इनरुवा नगरपालिका–८ का खेमबहादुर कार्की पनि पक्राउ परेका छन् । उनलाई २०८३ साउन २५ गतेको फैसलाले ८० दिन कैद सजाय सुनाएको थियो ।

चेक अनादर मुद्दामा फरार रहेका तीन जनालाई समेत प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा वराहक्षेत्र नगरपालिका–१० का विनोद रौनियार, वराहक्षेत्र नगरपालिका–५ का आशिष विष्ट र इटहरी उपमहानगरपालिका–१५ का खुर्सिद मियाँ छन् ।

रौनियारलाई अदालतले एक हजार रुपैयाँ, विष्टलाई पाँच सय रुपैयाँ र मियाँलाई एक हजार पाँच रुपैयाँ जरिवाना तोकेको थियो ।

पक्राउ परेका पाँचै जना प्रतिवादीलाई अदालतबाट तोकिएको कैद तथा जरिवाना भुक्तानका लागि सुनसरी जिल्ला अदालतमा पठाइएको जिल्ला प्रहरी कार्यालय सुनसरीका सूचना अधिकारी चन्द्रबहादुर खड्काले बताए ।

# झापामा असोज ५ देखि इन्सेफ्लाइटिसविरुद्ध खोप

**बिर्तामोड/** झापामा जापानिज इन्सेफ्लाइटिस (जेइ) विरुद्ध खोप लगाइने भएको छ । मस्तिष्क ज्वरोको संक्रमण र मृत्युदर बढेपछि असोज ५ गतेदेखि खोप लगाइने भएको हो । असोज ५ देखि १९ गतेसम्म करिब पाँच लाख नागरिकलाई जेईविरुद्धको खोप लगाउने तयारी गरिएको हो । स्वास्थ्य कार्यालय झापाका अनुसार जिल्लामा जेई संक्रमित १३ जनामध्ये चार महिला र दुई पुरुषको मृत्यु भएको छ ।

मृत्यु भएपछि उच्च सतर्कता अपनाउँदै खोप अभियान सञ्चालन गर्न लागिएको स्वास्थ्य कार्यालय झापाले जनाएको छ । त्यसका लागि आवश्यक खोपको भण्डारण तथा व्यवस्थापनको काम अघि बढाइएको छ ।

खोप अभियानअन्तर्गत झापाका १५ वटै पालिकाका ३० वर्षमाथिका ४ लाख ९३ हजार ३१९ जना नागरिकलाई खोप लगाउने लक्ष्य राखिएको स्वास्थ्य कार्यालय झापाका प्रमुख बृजकुमार दासले जानकारी दिए ।

जिल्लामै सबैभन्दा बढी संक्रमित मेचीनगर नगरपालिकामा देखिएकोले त्यहीँबाट सुरू गरिने खोप अभियान १५ दिन अर्थात् असोज १९ गतेसम्म सञ्चालन हुनेछ । एउटा स्थानीय तहमा बढीमा सात दिन खोप सेवा सञ्चालन हुने र यसले मानिसको स्वास्थ्यमा खासै असर नपार्ने स्वास्थ्य प्रमुख दासले बताए ।

***जेनजी ...आशा .....***

छानबिन प्रतिवेदन सार्वजनिक गर्न उसले माग गरेको छ ।

कोशीका युवाहरूको प्रतिक्रिया पनि मिश्रित छ । मोरङका युवा **इपेसन कट्टेल**ले सरकारमा ढिलासुस्ती देखिएको बताए भने **आकृति रानी फुयल**ले महिला, दलित, जनजाति र सीमान्तकृत समुदायको अर्थपूर्ण सहभागितालाई परिवर्तनको मापदण्ड मान्नुपर्ने बताइन् । विराटनगरकी **मिनाल अधिकारी**ले भने सरकारको कार्यशैलीमा केही सकारात्मक संकेत देखिएको बताइन् ।

सुनसरीकी **सर्मिला कार्की**ले आन्दोलनको त्रास अझै सम्झनामा रहेको बताउँदै सरकारलाई नागरिक खबरदारी आवश्यक रहेको बताइन् । झापाका **आदेश केसी**ले भने सरकारको 'फेस भ्यालु'भन्दा परिणाममा ध्यान दिनुपर्ने बताए ।

इलामका **चेतन अधिकारी**ले परिवर्तनका लागि धैर्य आवश्यक रहेको बताए पनि **माधव लुइँटेल**ले रोजगारीको मुद्दा अझै भाषणमै सीमित रहेको टिप्पणी गरे । उदयपुरका निमेश राईले आन्दोलनले राजनीतिक बहसको केन्द्र नै परिवर्तन गरेको बताए । धनकुटाका अधिवक्ता **शंकर खड्का**ले डिजिटल प्रशासन र प्रशासनिक सुधारका प्रयास सकारात्मक भए पनि सेवा प्रवाह तथा विपद् व्यवस्थापनमा कमजोरी रहेको औंल्याए ।

यसरी एक वर्षको मूल्यांकनमा जेनजी आन्दोलनले राजनीतिक परिवर्तनको ढोका खोले पनि सुशासन, रोजगारी, भ्रष्टाचार नियन्त्रण र संस्थागत सुधारको परीक्षा भने अझै बाँकी रहेको देखिन्छ ।

***जेनजी ...युवा....*** लाग्ने अनुमान गरेको थियो । भवन पुनर्निर्माणमा करिब २० अर्ब, सवारीसाधन खरिद तथा मर्मतमा ६ अर्ब १६ करोड ८० लाख र अन्य भौतिक वस्तुमा १० अर्ब १४ करोड ४२ लाख रुपैयाँ खर्च हुने अनुमान छ ।

राष्ट्रपति निवास, प्रधानमन्त्री निवासका केही भाग, मन्त्री आवास, सर्वोच्च अदालत र गृह मन्त्रालयलगायत ठूला संरचनामा मर्मत तथा पुनर्निर्माणका काम विभिन्न चरणमा छन् । कतिपय ठूला संरचना पूर्णरूपमा पुनर्निर्माण गर्न अझै दुई वर्षसम्म लाग्न सक्ने सरकारी अधिकारीहरूको आकलन छ ।

**निजी क्षेत्रको पीडा**

आन्दोलनको क्षतिको ठूलो भार निजी क्षेत्रले पनि बेहोरेको छ । सरकारी अध्ययनअनुसार निजी व्यवसाय तथा प्रतिष्ठानमा मात्रै २७ अर्ब ४९ करोड ३ लाख र निजी घरपरिवारमा ६ अर्ब ५ करोड ८४ लाख रुपैयाँ बराबरको क्षति भएको छ ।

सरकारले आफ्ना संरचना पुनर्निर्माणका लागि बजेट छुट्याए पनि निजी व्यवसायीका लागि त्यस्तो प्रत्यक्ष स्रोत उपलब्ध छैन । उनीहरू ऋण, आफ्नै पूँजी र बिमा रकमको भरमा पुनःस्थापनाको प्रयास गरिरहेका छन् ।

बिमा प्राधिकरणको तथ्यांक उद्धृत गर्दै सार्वजनिक विवरणअनुसार आन्दोलनबाट भएको क्षतिमा ३ हजार ६ सय ६४ वटा दाबीमार्फत २३ अर्ब ५३ करोड रुपैयाँ बराबरको माग परेको थियो । नौ महिनापछि त्यसको करिब ७ अर्ब ६२ करोड रुपैयाँ मात्र भुक्तानी भएको थियो । क्षतिको मूल्यांकन, सर्भे रिपोर्ट र आवश्यक कागजातका कारण दाबी फछ्र्योटमा समय लागेको बिमा क्षेत्रको भनाइ छ ।

यसले निजी क्षेत्रको पुनःस्थापनामा बिमा प्रणालीको प्रभावकारिता पनि उत्तिकै महत्वपूर्ण रहेको देखाउँछ ।

**भवनभन्दा ठूलो पुनःस्थापनाको प्रश्न**

आन्दोलनले भौतिक संरचना मात्र भत्काएको थिएन । यसले ठूलो मानवीय क्षति पनि निम्त्यायो । सरकारी अभिलेखमा आन्दोलनका क्रममा ७७ जनाले ज्यान गुमाएका र २ हजार ६ सयभन्दा बढी घाइते भएको विवरण छ ।

घाइतेको उपचार र तत्कालीन राहत व्यवस्थापन एउटा पक्ष हो । तर गम्भीर घाइतेका लागि दीर्घकालीन स्वास्थ्य सेवा, अपाङ्गता व्यवस्थापन, रोजगारी र परिवारको आयस्रोतमा परेको प्रभाव सम्बोधन गर्नु अर्को चुनौती हो । उपचार खर्च उपलब्ध गराउनु र व्यक्तिलाई दीर्घकालीन रूपमा पुनःस्थापित गर्नु एउटै कुरा होइन ।

त्यसैले आन्दोलनको एक वर्षपछि सरकारका लागि पुनर्निर्माणको अर्थ भत्किएका भवन र कार्यालय पुनःनिर्माणमा मात्र सीमित हुनु हुँदैन । घाइते, मृतकका परिवार र क्षतिग्रस्त निजी व्यवसायको पुनःस्थापनासमेत त्यसको अभिन्न हिस्सा बन्नुपर्छ ।

**क्षतिबाट पाठ सिक्ने बेला**

जेनजी आन्दोलन भ्रष्टाचार, बेथिति, बेरोजगारी र राज्यको जवाफदेहितामाथि उठेको असन्तोषको अभिव्यक्ति थियो । आन्दोलनले नेपालको राजनीतिक परिदृश्यमा ठूलो परिवर्तन ल्यायो । त्यसपछिको राजनीतिक प्रक्रियाले नयाँ सरकार र नयाँ राजनीतिक समीकरण जन्मायो । तर राजनीतिक परिवर्तनसँगै नागरिकले खोजेको सुशासन, जवाफदेहिता र सेवा प्रवाहमा कति सुधार आयो भन्ने प्रश्नको उत्तर अझै खोजिन बाँकी छ ।

आन्दोलनका क्रममा भएको आगजनी र तोडफोडलाई कुनै पनि असन्तुष्टिको वैध अभिव्यक्तिका रूपमा स्वीकार गर्न सकिँदैन । सार्वजनिक तथा निजी सम्पत्तिको विनाशले अन्ततः राज्य र नागरिक दुवैलाई ठूलो आर्थिक भार थपेको छ । त्यसैले भविष्यमा यस्ता घटना दोहोरिन नदिन आन्दोलन व्यवस्थापन, सुरक्षा संयन्त्रको परिचालन, सार्वजनिक सम्पत्तिको सुरक्षा, आपत्कालीन स्वास्थ्य सेवा र संकट व्यवस्थापनका क्षेत्रमा संस्थागत सुधार आवश्यक छ ।

एक वर्षपछि भत्किएका संरचनामा निर्माणका संकेत देखिन थालेका छन् । तर जेनजी आन्दोलनले जन्माएको असन्तुष्टिको मूल कारण सम्बोधन हुन सकेन भने भौतिक पुनर्निर्माण मात्र पर्याप्त हुने छैन ।

८४ अर्ब ४५ करोड रुपैयाँको क्षतिको हिसाब कागजमा गर्न सकिएला । तर आन्दोलनमा ज्यान गुमाएका परिवारको पीडा, घाइतेको भविष्य र राज्यप्रतिको कमजोर हुँदै गएको विश्वासको मूल्यांकन पैसाले मात्र गर्न सकिँदैन ।

त्यसैले एक वर्षपछि मुख्य प्रश्न यही हो–देशले कति भवन पुनर्निर्माण गऱ्यो भन्नेभन्दा ठूलो प्रश्न, त्यति ठूलो क्षति र असन्तुष्टि फेरि नदोहोरिने गरी राज्यले कति पाठ सिक्यो ?

# उज्यालो टोलमा ११ सदस्यीय बाल क्लब गठन

दमक । बालबालिकाको नेतृत्व क्षमता, सामाजिक सहभागिता र व्यक्तित्व विकासमा सहयोग पुऱ्याउने उद्देश्यले दमक–५ खरखरेस्थित उज्यालो टोलमा ११ सदस्यीय बाल क्लब गठन गरिएको छ ।

विश्व साक्षरता दिवसको अवसरमा आयोजित बालबालिकाको भेलाबाट प्रनिसा न्यौपानेको अध्यक्षतामा 'उज्यालो बाल क्लब' गठन गरिएको हो । क्लबको उपाध्यक्षमा एडिज पराजुली, सचिवमा सुमिका बजगाईं, सहसचिवमा समन कोइराला र कोषाध्यक्षमा आदित्य कोइराला चयन भएका छन् ।

क्लबका सदस्यमा मुस्कान कुमाल, युनिसा पौडेल, स्मीत राई, सुप्रिया अधिकारी, गौरव पोखरेल र रियान श्रेष्ठ छन् ।

उज्यालो टोल विकासको आयोजनामा भएको कार्यक्रममा २९ जना बालबालिका, अभिभावक तथा टोल विकास समितिका पदाधिकारी र सदस्यको सहभागिता थियो । दमक–५ का वडाध्यक्ष इन्द्रबहादुर गुरूङको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा उनले बालबालिकाको व्यक्तित्व विकासका लागि स्थानीय सरकारले विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको बताए । टोल विकास समितिका अध्यक्ष नरपति पाण्डेले स्वागत गरेको कार्यक्रम समितिका सल्लाहकार केदार रिमालले सञ्चालन गरेका थिए ।

***१०..*** पक्राउ गरिएको हो । पक्राउ परेका सबैलाई थप अनुसन्धान तथा आवश्यक कारबाहीका लागि अध्यागमन विभाग पठाइएको प्रहरीले जनाएको छ । उनीहरूको नेपाल बसाइको कानुनी अवस्था तथा गतिविधिबारे थप अनुसन्धान भइरहेको प्रहरीको भनाइ छ ।

***ब्राउन...*** ०.१९ ग्राम र इटहरी–१० बाट १७ वर्षीय शिबु मण्डलको साथबाट ०.३९ ग्राम ब्राउन सुगर बरामद भएको प्रहरीले जनाएको छ । त्यस्तै, बराहक्षेत्र–११ बाट २५ ग्राम ६३ मिलिग्राम ब्राउन सुगरसहित ४० वर्षीय कर्णबहादुर राई पक्राउ परेका छन् । उनलाई मोटरसाइकलसहित नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ । पक्राउ परेकामाथि थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।


Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्



## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

*तेस्रो पटक प्रकाशित मिति २०८३।०५।२४*

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्टारको कार्यालयबाट मिति २०८३/०५/१७ मा स्विकृती प्राप्त भई साविक कम्पनी दर्शन बुढासुब्बा यातायात प्रा.लि. (प्रा.लि.न. ३०२७५३।०७९।०८०) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नामको खोटाङ दिप्रुङ्ग यातायात प्रा.लि. अंग्रेजीमा Khotang Diprung Yatayat Pvt. Ltd. ले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।



## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

*पहिलो पटक प्रकाशित मिति २०८३।०५।२४*

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्टारको कार्यालयबाट मिति २०८३/०५/२ मा स्विकृती प्राप्त भई साविक कम्पनी नाम बदमटार बहुप्राविधिक शिक्षालय प्रा.लि.(प्रा.लि.न. ३३९९६६) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नामको बदमटार प्राविधिक शिक्षालय प्रा.लि अंग्रेजीमा Badamtar Prabidhik Shikshalaya Pvt. Ltd. ले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।





***श्रीमान.....*** *बताइन् । तत्कालीन प्रधानमन्त्री सुशीला कार्कीलाई प्रत्यक्ष भेटेर पनि उनले रोजगारीको आग्रह गरेकी थिइन् । त्यसपछि जेनजी आन्दोलनकै मुद्दाबाट बनेको बालेन्द्र साह नेतृत्वको सरकारसँग पनि उनले पटकपटक रोजगारीका लागि आग्रह गरिसकेकी छन् । तर, अहिलेसम्म आफ्नो माग सम्बोधन नभएको उनको गुनासो छ । मञ्जुका श्रीमान् ४० वर्षीय मोहन सदा घर बनाउने मिस्त्रीको काम गर्थे । गत भदौ २३ गते इटहरीमा भएको जेनजी आन्दोलनका क्रममा उनको मृत्यु भएको थियो ।*

*श्रीमानको मृत्युपछि मञ्जुको काँधमा ६ वर्षीया आकृति र ८ वर्षीया आरोहीको पालनपोषण तथा भविष्यको जिम्मेवारी थपिएको छ । नियमित आम्दानीको स्रोत नहुँदा दुई छोरीको भविष्यप्रति चिन्ता बढेको उनले बताइन् । मञ्जु स्वयं पनि यसअघि दुई वर्ष कुवेत बसेर फर्किएकी थिइन् । श्रीमान्ले मिस्त्रीको काम गरेर गरेको बचत र आफूले विदेशमा कमाएको रकमबाट उनीहरूले ऐलानी जग्गामा सानो पक्की घर बनाएका थिए ।*


## कर्मचारी आवश्यकता

उपरोक्त सम्बन्धमा यस दीप ज्योति बचत तथा ऋण सहकारी संस्था लि.लाई केही कर्मचारी आवश्यकता परेको हुदाँ ईच्छुक नेपाली नागरिकबाट दरखास्त आब्हान गरिएको छ ।

तपसिल :

विज्ञापन नं. ००२/०८३/०८४

- पद : बजार प्रतिनिधि
- शैक्षिक योग्यता : SEE वा सो सरह
- उमेर : १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको ।
- आवश्यक कागजातहरु : हस्तलिखित निवेदन, नेपाली नागरिकताको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाण–पत्रको प्रतिलिपि ।
- तलब स्केल : संस्थाको नियम अनुसार ।
- निवेदन शुल्क: रु.१००
- दरखास्त दिने अन्तिम मिति : २०८३ भदौ ३० गतेसम्म ।

नोट : सहकारी क्षेत्रमा अनुभव भएको तथा स्थानीयलाई प्राथमिकता ।

**दीप ज्योति बचत तथा ऋण सहकारी संस्था लि.**
दमक–५, झापा (फोन: ०२३–५७१६११/९८४२६६६४७४)






◆ प्रधान सम्पादक/प्रकाशक: गञ्जबहादुर दाहाल, ◆ कार्यकारी सम्पादक: खगेन्द्र कार्की ◆ सहसम्पादक: विमल लामिछाने ◆ बजार व्यवस्थापक: केशव खनाल ◆ लेआउट: सुरेन बस्नेत

कार्यालय: दमक–५, झापा, फोन: ०२३–५७०२७२,
मुद्रण: ज्योति अफसेट प्रेस,
E-mail:purbasandesh@yahoo.com